श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं.४८७**

**पुनरावेदन नं.०७८-RB-०२१८**

**मुद्दाः आयकर (२०७२।०७३)**

जिल्ला काठमाडौं,का.म.न.पा.वार्ड नं डिल्लीबजार,मैतिदेवी स्थित एसियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड स्थायी लेखा नम्बर ३०२८३७२०५ को तर्फ बाट अख्तियार प्राप्त प्रमुख कार्यकारी अधिकृत वर्ष ४९ को दिनेश लाल श्रेष्ठ.........१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं.......................................१
ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री बाबुराम गौतम
शुरु निर्णय मितिः- २०७७।०९।२७

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी :- महानिर्देशक श्री शोभाकान्त पौडेल
निर्णय मितिः- २०७८।०६।१७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री युवराज कुमार भण्डारी
:- विद्वान अधिवक्ता श्री रत्न सुन्दर खुजू
प्रत्यर्थी कार्यालयका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७७।०९।२७ मा भएको संशोधित कर निर्धारण निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८/०६/१७ मा भएको निर्णयमा समेत चित्त नबुझाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा आयकर ऐन ,२०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट परेको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता श्री एसियन लाईफ इन्स्योरेन्स कम्पनी लि. (स्थायी लेखा नं.३०२८३७२०५) बाट आ.व. २०७२/०७३ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.३४,०४,०३,४७५।४३ करयोग्य नोक्सानी कायम गरी ठुला करदाता कार्यालय, ललितपुरमा मिति २०७४/०२/३१ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७२/०७३ को आय विवरण र सोसँग सम्बन्धित कागजात तथा विवरणको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, आयमा समावेश गर्नुपर्ने आय समावेश भएको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु.२७,०१,११,५७२।९३।-(अक्षरुपी सत्ताइस करोड एक लाख एघार हजार पाँच सय बहत्तर रुपैंया र पैसा त्रियानब्बे मात्र) कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठुला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७७।०९।१२ मा सुचना जारी भएको ।

३. ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।०९।१२ मा जारी भएको सूचना करदाताले मिति २०७७।०९।१२ मा नै बुझी लिई सोको लिखित जवाफ मिति २०७७।०९।२३ मा पेश गरेको ।

४. करदाता श्री एसियन लाईफ इन्स्योरेन्स कम्पनी लि.को आ.व. २०७२/०७३ का लागि रु.२७,०१,११,५७२।९३(अक्षरुपी सत्ताइस करोड एक लाख एघार हजार पाँच सय बहत्तर रुपैंया र पैसा त्रियानब्बे मात्र) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७७।०९।२७ मा जारी भएको संशोधित कर निर्धारण

आदेशको निर्णय पर्चा।

५. ठुला करदाता कार्यालय, ललितपुरले मिति २०७७।०९।२७ मा जारी गरेको आ.व. २०७२/०७३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता श्री एसियन लाईफ इन्स्योरेन्स कम्पनी लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७७।११।२६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. व्यापार प्रवर्द्धनमा भएको खर्च रकम कम्पनीको वास्तविक खर्च भएकोले सो रकम मान्य गरिपाउँ भन्ने सम्बन्धमा करदाताले व्यापार प्रवर्द्धन खर्च भनी दाबी गरेको खर्चहरुको पुष्टी हुन आयकर ऐन २०५८ को दफा १३ बमोजिम सो आय वर्षको, सो व्यक्तिबाट भएको र सो व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु हुन् भन्ने कुरा करदाताले कर परिक्षणको बखत पेश गरेको कागजात,विल भर्पाईबाट पुष्टी हुन पर्नेमा सो हुन नसकेको तथा भुक्तानीको तरिका स्पस्ट गरी दाबी नगरेको साथै भुक्तानी गरेको भनी अमुक नाम मात्र पेश गरेको देखिएकोमा कार्यालयबाट भएको कर निर्धारण मिलेको, सवारी साधनको ह्रास खर्च दाबी सदर गरिपाउँ भन्ने सम्बन्धमा **own your vehicle scheme** अन्तर्गत सुविधा दिएको सवारी साधनको सम्बन्धमा आरकर ऐन २०५८ को दफा १९(१) अनुसार सुविधा अन्तर्गत खरिद भएका सवारी साधनहरु बैंकको नाममा रहेतापनि वास्तविक स्वामित्व कर्मचारीमा रहेको र उपभोग पनि कर्मचारीले व्यक्तिगत प्रयोजनमानै गर्ने देखिँदा यस्तो सवारी साधनमा ह्रासखर्च अमान्य गर्नेगरी कार्यालयबाट भएको निर्णय कानून सम्मत भएकोले निवेदकको जिकिर नपुग्ने र कम्पनीको नाममा विभिन्न कम्पनीहरुबाट गरिएको अग्रिम कर दाखिला रकम मिलान सम्बन्धमा सुनुवाईको मौका नै नदिई एक वर्षको मात्र मान्य गरिएकोमा सबै वर्षको रकमलाई मान्य गराईपाउँ भन्ने सम्बन्धमा आयकर ऐन २०५८ को दफा ९३(३)(२) को कानूनी व्यवस्था अनुसार कर कट्टी हुने व्यक्तिले सो भुक्तानी गरेको आयवर्षमा मात्र अग्रिम कर कट्टी मिलान गर्न पाउनेमा करदाताले दाबी गरेको करकट्टी मिलान यस कानूनी व्यवस्था अनुसार नभएकोले कार्यालयबाट अग्रिम कर निर्धारणको क्रममा करदाताले यस आ.व. मा दाखिला गर्नुपर्ने अग्रिम कर कट्टी रकम, दाखिला भएको र दाखिला हुन बाँकी रहेको रकममा प्रचलित कर कानूनले तोके बमोजिम ब्याज र शुल्क समेत गणना गरी दिएको आदेश मिलेकै देखिँदा ठुला करदाता कार्यालय ललितपुरबाट भएको निर्णय कानून सम्मत नै देखिएकाले निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०६।१७ मा भएको निर्णय।

७. ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशमा निवेदक कम्पनीको नामबाट दाखिला जम्मा भएको अग्रिम करकट्टी (टि.डि.एस.) लाई करमा गणना

नगरिएको, कम्पनीको स्वामित्वमा रहेका सवारी साधनको ह्रास खर्चलाई मान्यता नदिएको, व्यापार प्रवर्द्धनको लागि अभिकर्ता इन्सेन्टिभ योजना अन्तर्गत भएको भुक्तानीलाई मान्यता नदिएको समेत आधारमा विपक्षी कार्यालयको आदेश त्रुटिपूर्ण हुँदा त्यस्तो त्रुटिपूर्ण संशोधित कर निर्धारण आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय नमिलेको हुँदा बदर गरी इन्साफ पाउँ भन्ने समेत व्यहोराको करदातातर्फबाट यस न्यायाधिकरणमा मिति २०७९।०१।१२ मा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०८/०९ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री एसियन लाइफ इन्स्योरेन्स कम्पनी लि. को तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री युवराज कुमार भण्डारी र विद्वान अधिवक्ता श्री रत्न सुन्दर खुजूले कम्पनीको स्वामित्वमा रहेका सवारी साधनको ह्रासखर्चलाई मान्यता नदिएको, व्यापार प्रवर्द्धनको लागि अभिकर्ता इन्सेन्टीभ योजना अन्तर्गत भएको भुक्तानीलाई मान्यता नदिएको विपक्षी कार्यालयको त्रुटिपूर्ण संशोधित कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागबाट भएको निर्णय समेत नमिलेको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु ठुला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठुला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ/छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. पुनरावेदक करदाताले पुनरावेदन पत्रमा लिएको पुनरावेदन जिकीर हेर्दा, पहिलो जिकीर

व्यवसाय प्रवर्द्धन खर्च अमान्य गरेको विषयमा रहेको देखिन्छ। करदाताले आ.व. २०७२/०७३ मा व्यवसाय प्रवर्द्धनको क्रममा भएको खर्च भनी रु.९३.५५.७६३।५० खर्च कट्टीको दाबी लिएको देखियो। शुरु ठूला करदाता कार्यालयले उक्त भुक्तानीको प्रयोजन तथा भुक्तानीलाई पुष्ट्याई गर्ने प्रमाण पेश हुन नआएको भनी खर्च अमान्य गरेको देखिन आउँछ।करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दिँदा उक्त खर्च अभिकर्ताहरुलाई दिएको इन्सेनन्टीभ रहेको जिकीर लिँदै उक्त खर्च पुष्टी हुने ठोस प्रमाण कागजात, विल भौचर र भुक्तानीको विवरणको प्रमाण समेत पेस गरेकोमा सो सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०७८/६/१७ मा निर्णय गर्दा कुनै संशोधन गरेको देखिएन। भुक्तानीको तरिका,प्रयोजन तथा माध्यम समेत स्पष्ट नगरेको भनी शुरू निर्णय सदर गरेको देखियो। मिसिल संलग्न प्रशासकीय पुनरावोलकनको निवेदनको प्रकरण ३(क) मा कम्पनीले व्यापार प्रवर्द्धन शीर्षकमा खर्च देखाएको रकम रु.९३,५५,७६३।५० नगद इस्सेन्टीभ योजना अन्तर्गत अभिकर्ताहरुलाई गरिएको भुक्तानी हो जसको पुष्ट्याई हुने आधार, विल भौचर तथा भुक्तानीको विवरण संलग्न छ भन्ने जिकीर लिएको देखियो। आन्तरिक राजश्व विभागका महानिर्देशकले निर्णय गर्दा विमा व्यवसाय गर्ने कम्पनीले अभिकर्तालाई नगद इन्सेन्टीभ दिएको रकमलाई व्यवसाय प्रवर्द्धनको लागि भएको खर्च मान्न नसकिने कुनै पनि आधार र कारण दिएको पाइएन भने करदाताले खर्च पुष्टी गर्न पेश गरेका प्रमाणहरुको उचित मुल्याङ्कन समेत नगरी निर्णय गरेको देखिँदा आधार र कारण विना सो शिर्षकमा भएको विभागका महानिर्देशकको निर्णयलाई न्यायोचित मान्न सकिएन। त्यसैले यो शीर्षकमा पुनःनिर्णयको लागि फाइल विभागको महानिर्देशक समक्ष पठाउन उपयुक्त हुने देखियो।

१३. पुनरावेदक करदाताले पुनरावेदन पत्रमा लिएको दोश्रो जिकीर **Staff Vehicle Facility** अन्तर्गत खरिद गरेका गाडिको ह्रास कट्टी र त्यस्ता सवारी साधनको मर्मत खर्च सम्बन्धी रहेको देखिन्छ। करदाताले **Staff Vehicle Facility** अन्तर्गत खरिद गरेका सवारी साधनको स्वामित्व बैंकमा रहेकोले आयकर ऐन, २०५८ को दफा १९ बमोजिम त्यस्ता सवारी साधनको ह्रास कट्टी वापत रु.४१,४५,६७५।४१ ह्रास खर्च कट्टी र सवारी साधनहरुको मर्मत खर्च तर्फ रु.८१,९१९।- पाउनु पर्ने भन्ने जिकिर लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १९ को उपदफा (१) मा "कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीवाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसाय वा लगानीवाट सो व्यक्तिको आय आर्जन गर्ने सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पत्तीको ह्रास भए वापत अनुसूची-२ वमोजिम ह्रास खर्च कट्टी गर्नुपर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। पुनरावेदक कम्पनीले **Staff Vehicle Facility** अन्तर्गत खरिद गरेको सवारी साधनहरु सुविधा प्राप्त

गर्ने कर्मचारीहरुले आफैले छनौट गरी आफूले चाहेको सवारी साधन खरिद गर्ने, त्यस्ता सवारी साधनको भोगाधिकार सम्बन्धित कर्मचारीमा रही कर्मचारीले नै व्यक्तिगत रुपमा प्रयोग गरेको अवस्था देखिन्छ। त्यस्ता सवारी साधन कम्पनीको व्यवसाय वा आय आर्जनमा कम्पनीले प्रयोग गरेको अवस्था समेत देखिदैन। सुविधा प्राप्त गर्ने कर्मचारीले कम्पनीको हित विपरित वा सेवा शर्त उल्लंघन गरेको अवस्थामा उक्त सुविधावाट वन्चित गर्नको लागि सुरक्षण वापत मात्र त्यस्तो सवारी साधनमा कम्पनीको स्वामित्व कायम गर्न कम्पनीको नाममा सवारी साधन दर्तासम्म गराएको अवस्था देखिन्छ। यसरी कम्पनीले सुविधा अन्तर्गत आफ्ना कर्मचारीलाई उपलब्ध गराएको सवारी साधनलाई कम्पनीको स्थायी सम्पत्तिको सुचीमा समावेश गरी आयकर ऐन, २०५८ को अनुसुची-२ को खण्ड १ को वर्ग "ग" अन्तर्गत "अटोमोवाइल्स, वस तथा मिनीवसहरु" भन्ने समूहमा समूहीकृत गरी ह्रास खर्च वापत आयकर ऐन, २०५८ को दफा १९ को उपदफा (१) वमोजिम ह्रास खर्च कट्टी दिन र सो को मर्मत सुधार खर्च व्यहोर्ने समेत मिल्ने कानुनी आधार देखिन आएन। त्यसैले ह्रास खर्च कट्टी वापत रु. ४१,४५,६७५।४१ र मर्मत खर्च तर्फ रु.८१,९१९।- नपाउने गरी ठूला करदाता कार्यालय ललितपुरवाट भएको निर्णय र त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट भएको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन।

१४. करदाताको तेस्रो पुनरावेदन जिकीर आ.व. २०७१/०७२ मा भुक्तानी गर्न पर्ने अग्रिम कर कट्टी रकम रु ५,१५,२०२।- मिति २०७५/२/२५ मा भुक्तानी गरेकोमा उक्त रकम समायोजन नगरेको सम्बन्धमा रहेको देखियो। निवेदक कम्पनीको नामबाट दाखिला जम्मा भएको अग्रिम करकट्टी (टि.डि.एस) लाई करमा समायोजन नगरिएको भनी पुनरावेदन जिकिर लिएता पनि आ.व ०७४/०७५ मा उक्त अग्रिम करकट्टी (टि.डि.एस) लाई करमा मिलान गरिसकेको भनि पुनरावेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ता स्वयंले यस विषयमा बहसको क्रममा आ.व.२०७४/०७५ को संशोधित कर निर्धारण सम्बन्धि मिति २०७९/१२/८ च.नं.१३४४ को सुचनाको प्रतिलिपी सहित जानकारी गराउनु भएकोले यस विषयमा थप केही बोली रहनु परेन।

१५. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट करदाता श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.(स्थायी लेखा नं (३०२८३७२०५) को ठूला करदाता कार्यालयले आ.व.२०७२/०७३ को संशोधित कर निर्धारण गर्दा मिति २०७७/९/२७ मा व्यवसाय प्रवर्द्धन खर्च अमान्य गरेकोमा करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दिँदा उक्त खर्च अभिकर्ताहरुलाई दिएको इन्सेन्टिभ रहेको भनी विल भौचर र भुक्तानीको विवरणको प्रमाण समेत संलग्न गरेकोमा सो सम्बन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०७८/६/१७ को निर्णयमा आधार र कारण सहित संवोधन गरेको नदेखिँदा सो शिर्षकमा भएको विभागका महानिर्देशकको

निर्णयलाई न्यायोचित मान्न नमिलेकोले केही उल्टी हुने ठहर्छ।उक्त शिर्षकमा पुनः निर्णय गर्नु भनी फाइल आन्तरिक राजश्व विभागमा पठाइ दिनू। सवारी साधनको ह्रास खर्चको हकमा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता श्री एसियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को आ.व. २०७२/०७३ को संशोधित कर निर्धारण गर्दा व्यापार प्रवर्द्धन खर्च अमान्य गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७८।०६।१७ मा भएको निर्णय समेत सो हदसम्म केही उल्टी हुने ठहरेकोले सो शिर्षकमा पुनःनिर्णय गर्नु भनी यो फैसलाको प्रतिलिपी सहित फाइल आन्तरिक राजश्व विभागमा पठाइ दिनू।

२. फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री सबिना घिमिरे
ईति सम्वत् २०८० साल असार ५ गते रोज ३ शुभम् ---------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौंको छाप